।। नमो रत्नत्रयाय ।।

# लुम्बिनी बौद्ध विश्वविद्यालय
# LUMBINI BUDDHIST UNIVERSITY
## लुम्बिनी अनुसन्धान केन्द्र
## Lumbini Research Center

प.सं. २०८२/०८३ मिति : २०८२।०४।१६

च नं १०

श्री उपकुलपतिको कार्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, पर्सा, लुम्बिनी
श्री रजिस्ट्रारको कार्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, पर्सा, लुम्बिनी
श्री बौद्ध अध्ययन सङ्काय, डिनको कार्यालय, पर्सा, लुम्बिनी
श्री मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालय, बुटवल
श्री स्कुल अफ डिभिलपमेन्ट स्टडिज एन्ड एप्लाइड साइन्सेज, डिनको कार्यालय, देवदह,रूपन्देही
श्री योजना तथा अनुगमन महाशाखा, लुम्बिनी
श्री अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्र, पर्सा, लुम्बिनी
श्री केन्द्रीय क्याम्पस, पर्सा, लुम्बिनी
श्री केन्द्रीय पुस्तकालय, पर्सा, लुम्बिनी
श्री सिटी क्याम्पस, बुटबल
श्री मेट्रो कलेज, दाङ
श्री लुम्बिनी कलेज अफ बुद्धिजम एन्ड हिमालयन स्टडिज, काठमाडौं
श्री बौद्ध मल्टिपल क्याम्पस, काठमाडौं
श्री थेरवाद बुद्धिस्ट एकेडेमी, काठमाडौं
श्री सुगत बौद्ध महाविद्यालय, ललितपुर
श्री लोटस एकेडेमिक कलेज, ललितपुर
श्री जिरी बुद्धिस्ट कलेज, दोलखा
श्री सोवा रिग्पा इन्टरनेसनल कलेज, काठमाडौं
श्री लुम्बिनी इन्टरनेसनल एकेडेमी अफ साइन्स एन्ड टेक्नोलोजी, ललितपुर
श्री बज्रयान अध्ययन केन्द्र, ललितपुर

**विषय : जानकारी गराइदिने बारे ।**

उपर्युक्त सम्बन्धमा यसैसाथ संलग्न Faculty Research को प्रस्ताव आह्वानको सूचना सरोकारवाला शिक्षकहरूलाई जानकारी गराइदिन अनुरोध छ ।

..................
प्रा.डा.गितु गिरी
निर्देशक

Parsa, Rupandehi, Lumbini, Nepal research@lbu.edu.np 071-404084, 404088 www.lbu.edu.np

## Faculty Research का लागि प्रस्ताव आह्वान

उपर्युक्त सम्बन्धमा यस विश्वविद्यालयका शिक्षकहरूको अध्ययन, अध्यापन र अनुसन्धानको स्तरोन्नतिका लागि Faculty Research गराउन थालिएको व्यहोरा सहर्ष जानकारी गराउन चाहन्छौं । यसका लागि यस विश्वविद्यालयमा प्राध्यापनरत शिक्षकहरूलाई सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र तपसिलमा उल्लिखित परिधिभित्र रही प्रस्ताव पेस गर्न आह्वान गरिन्छ ।

### तपसिल

१. प्रस्तावको विषय बौद्धदर्शन, साहित्य, शिक्षा, संस्कृति वा यस विश्वविद्यालयको सरोकारवाला विषयमा हुनुपर्ने,

२. यस कार्यक्रममा आवेदन दिने प्रमुख अनुसन्धानकर्ता कम्तीमा दुई वर्ष पूर्णकालीन स्थायी शिक्षण गरेको हुनुपर्ने,

३. सहअनुसन्धानकर्ता शिक्षक कम्तीमा पूर्णकालीन स्थायी शिक्षण सेवामा रहेको हुनुपर्ने,

४. यस विश्वविद्यालयमा विद्यावारिधि, स्नातकोत्तर वा स्नातक अध्ययनरत कम्तीमा दुईजना विद्यार्थीहरूलाई अनुसन्धान कार्यमा संलग्न गराइएको हुनुपर्ने,

५. आवेदनका साथ निम्नानुसारका कागजातहरू अनिवार्य रूपमा समावेश गर्नुपर्नेछ :
   (अ) कार्यरत संस्थाले दिएको नियुक्तिपत्रको प्रतिलिपि,
   (आ) कार्यरत वा अध्ययनरत संस्थाको सिफारिसपत्रको सक्कल प्रति,
   (इ) व्यक्तिगत विवरण,
   (ई) तल उल्लिखित ढाँचामा तयार पारेको प्रस्ताव, ३ प्रति (अनुसन्धानकर्ताको परिचय खुल्ने कुनै पनि व्यहोरा प्रस्तावमा उल्लेख नभएको हुनुपर्ने),

६. छनोट प्रक्रिया
   (क) प्राप्त प्रस्तावहरूमा अनुसन्धान केन्द्रबाट आवेदकको परिचय नखुल्ने गरी कोड राखिनेछ ।
   (ख) यस केन्द्रमा पेस भएका प्रस्तावहरूलाई सम्बन्धित विशेषज्ञबाट मूल्याङ्कन गराइनेछ ।
   (ग) अन्तिम चरणमा छनौट भएका प्रस्तावहरू प्रक्रियाअनुरूप अगाडि बढाइनेछ ।

।। नमो रत्नत्रयाय ।।

# लुम्बिनी बौद्ध विश्वविद्यालय
# LUMBINI BUDDHIST UNIVERSITY
## लुम्बिनी अनुसन्धान केन्द्र
## Lumbini Research Center

७. अनुसन्धान कार्यलाई सहज बनाउन प्रतिअनुसन्धान विश्वविद्यालयको नियमानुसार रकम प्रदान गरिनेछ ॥

८. अनुसन्धान प्रतिवेदन २०८३ जेष्ठ ३१ गतेसम्म बुझाउनुपर्ने छ।

९. Research Proposal format:

1. Title
2. Background of the Study
3. Statement of the Problem
4. Research Questions
5. Research Objectives
6. Literature Review and Research Gaps
7. Conceptual / Theoretical Framework
8. Study Design, Methods, Tools, and Data Analysis
9. Delimitation
10. Expected Findings
11. Time Schedule (Work Plan)
12. Budget Estimate

(Note: The sequence of the sections can be altered to suit the discipline and the research methodology applied)

१०. थप

१. एम.एल.ए. (अन्तिम संस्करण) मा आधारित हुनुपर्ने,

२. प्रस्तावको फन्ट साइज नेपालीमा प्रीति १६, अङ्ग्रेजीमा Times New Roman 12 मा हुनुपर्ने,

३. प्रस्तावको हार्ड कपी ३ प्रति तथा सफ्ट कपी बुझाउनुपर्ने,

अन्य थप जानकारीका लागि अनुसन्धान केन्द्र, ०७१४०४०८८- वा ९८६७१८७००१ मा सम्पर्क गर्न सकिनेछ।